१७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती,खाजा) तयार गरेर राखौ,
- भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १ ।। २०८१ माघ १६ गते बुधबार (29th Jan 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# पाठेघरको क्यान्सरबाट जोगाउन झापाका ५५ हजार किशोरीलाई खोप लगाइँदै



झापा(प्रस) । झापाका ५५ हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सर रोगविरूद्धको एचपीभी खोप लगाइने भएको छ । स्वास्थ्य कार्यालय झापाका अनुसार विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका ८ हजार ९८१ र विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका ४६ हजार १८ गरी ५४ हजार ९९९ जना किशोरीलाई एचपीभी खोप लगाइने भएको हो ।

माघ २२ गते विश्व क्यान्सर दिवसका दिनदेखि माघ २९ गतेसम्म एचपीभी खोप अभियान जिल्लाभर सञ्चालन गर्न लागिएको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटीले जानकारी दिए । स्वास्थ्य कार्यालयमा मंगलवार आयोजना गरिएको एचपीभी खोप अभियानअन्तर्गत सञ्चारकर्मीहरुसँगको अभिमुखीकरण कार्यक्रममा बोल्दै बाह्रकोटीले विद्यालयभन्दा पनि विद्यालय बाहिर रहेका किशोरीहरुलाई खोप लगाउन चुनौती देखिएको बताए ।

कोभिड- १९ जस्तै यो खोप पनि अतिआवश्यक रहेकोले विद्यालय बाहिर रहेका किशोरीहरुको पहिचान गरी खोप लगाउन स्वास्थ्यकर्मी र स्वयम्सेवक वडा/वडामा परिचालन गरिने उनको भनाई छ ।

मेचीनगर, दमक र बिर्तामोडमा माघ २९ गतेसम्म खोप अभियान सञ्चालन हुनेछ । अन्य पालिकाहरुमा माघ २७ गतेसम्म सञ्चालन हुने जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले जानकारी दिए ।

उनका अनुसार जिल्लाभर ५७५ विद्यालयमा सञ्चालन हुने खोप अभियानमा ७५५ खोप केन्द्र, ७८१ स्वास्थ्यकर्मी र एक हजार ५१५ स्वयम्सेवक खटाइने छ । पाठेघरको मुखको क्यान्सर विश्वमा चौथो तथा नेपालमा दोस्रो स्थानमा रहेको छ । महिलाहरुमा अन्य क्यान्सर रोगभन्दा नेपालमा पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुनेको संख्या पहिलो नम्बरमा पर्छ ।

नेपालमा हरेक एक दिनमा चारजनाको मृत्यु हुने गरेको अध्ययनले देखाएको जनस्वास्थ्य अधिकृत पाठकको भनाई छ । यो रोगको लक्षणहरूमा तल्लो पेट दुख्ने, योनीबाट गन्हाउने पानी बग्ने, अनियमित रूपमा रगत बग्ने, कमजोरी महसुस हुने, रक्त अल्पता हुने लगायत रहेका छन् ।

एचपीभीको २०० भन्दा बढी किसिमका प्रजातिहरु हुन्छन् । यसमध्ये कम्तिमा १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने प्रमुख कारक हुन् । त्यसमध्ये पनि १६ र १८ प्रजाति प्रमुख कारक हुन् । नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर १६ र १८ प्रजातिबाट भएको देखिन्छ । त्यसैले किशोरीहरुलाई सिकोलिन नामक एचपीभी खोप लगाइने उनले जानकारी दिएका छन् ।

# हामी १७ औं वर्षमा

बिर्तामोड (प्रस) । नव संचार गृह प्रालिद्वारा बिर्तामोडबाट नियमित रुपमा प्रकाशन हुँदै आएको प्रतिदिन राष्ट्रिय दैनिक आजदेखि १६ वर्ष पूरा गरी १७ औं वर्षमा प्रवेश गरेको छ । पूर्वी नेपालमा प्रदेशस्तरकै पत्रिका प्रकाशन गरी आम पाठकहरुलाई सुसूचित गर्ने उद्धेश्यले स्थापित यस दैनिक आफ्नो उद्धेश्यमा सफल भएको छ ।

हामी हाम्रो उद्धेश्यप्रति अडिग छौं । प्रतिदिन दैनिकले झापा जिल्लाका विभिन्न क्षेत्रसंगै मोरङसम्म आफ्नो कार्यक्षेत्र विस्तार गरेको छ । अर्को महत्वपूर्ण कुरा कोरोना महामारी र आर्थिक मन्दीका कारण संचार क्षेत्र तहसनहस भएको छ । धेरै मिडिया बन्द भएका छन् । जिल्लाकै धेरै पत्रिका बन्द भइरहँदा यस प्रतिदिन दैनिकले असहज परिस्थितिका बावजुद आफ्नो प्रकाशनलाई निरन्तरता दिँदै आएको छ । प्रतिकुलतालाई अनुकूल बनाउँदै प्रतिदिन दैनिक पत्रिका , प्रतिदिनडेली डटकम अनलाइन र प्रतिदिन टीभी युट्युवमार्फत पाठकहरुलाई पलपलको समाचार र सूचना प्रवाह गर्दै आएको छ । अरुको समाचार कपी गरेर पत्रिका र अनलाइन चलाउने पत्रकारहरुको बढ्दो प्रवृतिलाई चिर्दै यस पत्रिकाले स्थानीय क्षेत्रमा खोजी गरी आफ्नै मौलिक समाचार पस्किने गरेकाले धेरैको मन जित्न सफल भएको हो । राजनीतिसंगै पत्रकारिता क्षेत्र पनि दूषित भइरहेको अबस्थामा वादको सिद्धान्तबाट टाढा रहेर नडगमगाई सही र सत्य समाचार पस्केकै कारण अहिले प्रतिदिन दैनिकको चर्चा बढेको छ । स्थानीय समाचारलाई मुख्य प्राथमिकता दिएकै कारण प्रतिदिन दैनिक र यसको अनलाइन लोकप्रिय रहेको सम्पादक इन्द्रसिंह राजवंशी बताउँछन् । स्थानीय विषयवस्तुलाई प्रतिदिन दैनिकले राष्ट्रिय महत्वको बनाउने गरेको उनले बताए ।

उनले विभिन्न उतारचढाव बेहोर्दै पत्रिकालाई यहाँसम्म ल्याइपुऱ्याउने आम पाठक, विज्ञापनदाता ,पत्रिकाका संचालक , व्यवस्थापन पक्ष , वितरक , शुभेच्छुक सबैलाई धन्यवाद दिदैं आगामी दिनमा समेत निरन्तर र भरमग्दूर सहयोगको अपेक्षा गरेका छन् ।

**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिलन भट्टराई — प्रमुख प्रशासकीय अधिकृत
नगेन्द्र संग्रौला — उपप्रमुख
पवित्रा महतारा प्रसाई — नगर प्रमुख

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्ताबजार, झापा**

पाठेघरको मुखको क्यान्सर गराउने human papillonmavirus विरूद्धको एच.पि. भी. खोप अभियान सफल पारौं । यही माघ २२ देखि २९ गतेसम्म सो अभियान बिर्तामोड नगरपालिकामा संचालन हुँदैछ ।

# पाठकको मनमा बस्न सफल

• **रमेश नेपाल**

प्रतिदिन दैनिकले आजबाट स्थापना दिवसको १६ औं बसन्त पार गरी १७ औं बसन्तमा प्रवेश गरेको छ । सर्वप्रथम त प्रतिदिन दैनिकलाई आफ्नो स्थापना दिवसको शुभकामना ब्यक्त गर्न चाहन्छु ।हार्दिक हार्दिक बधाई । सम्पूर्ण पाठकहरूलाई नयाँ नयाँ सूचना र सत्यतथ्य सबैको माझ ल्याउन सफल, जनमानसलाई जागरुक बनाउन क्रियाशील रहँदै प्रतिदिन दैनिक आउँदा दिनहरुमा पनि अझ उच्च शिखरतिर लम्किन सफल रहोस् ।

प्रतिदिन दैनिक अब एक युवा अवस्थामा प्रवेश गरिसकेको छ ।शुरुका दिनहरुदेखि नै प्रतिदिन दैनिकले सम्पूर्ण पाठकहरुको मन जित्दै आएको छ ।

नव सञ्चार गृह प्रालिद्वारा प्रकाशित हुने यो दैनिक पत्रिका सम्पूर्ण पाठक वर्गको मनमा बस्न सफल भैसकेको छ । प्रतिदिन दैनिक एउटा यस्तो पत्रिका हो, जुन कुनै राजनीतिक पार्टीप्रति वफादार बन्न चाहेन । सत्य तथ्यमा आधारित रहेर समाचार सम्प्रेषण गर्दै आइरहेको छ,जो सत्य हो त्यही मात्र सम्प्रेषण गर्दै आएको छ ।

अझ सामाजिक क्षेत्रमा विशेष योगदान पुर्याएका ब्यक्तित्वहरुप्रति सँधै निष्ठावान रहँदै आएको छ । प्रतिदिन दैनिकलाई यो स्थानमा पुऱ्याउन अहोरात्र खटिनुहुने इन्द्रसिंह राजवंशी र उहाँको सम्पूर्ण टिमको दिल खोलेर प्रशंसा गर्नैपर्ने हुन्छ । साथै ब्यवस्थापन टिमलाई पनि सम्झनै पर्छ । जसको ब्यवस्थापनमा प्रतिदिन दैनिक दिन प्रतिदिन उच्च शिखरतर्फ लम्किरहेको छ ।पत्रकारिता पेशालाई राम्रो तरिकाले बुझ्नु भएका र पत्रकारितालाई नै आफ्नो जीवनको महत्वपूर्ण पाटो बनाई अहोरात्र सञ्चार कर्ममा रहनु भएका सम्पादक इन्द्रसिंह राजवंशीको क्षमताले गर्दा पनि यो दैनिक सर्वप्रिय बनेको छ । म शुरु बर्षहरुदेखि नै यो प्रतिदिन दैनिकको नियमित पाठक रहँदै आएको छु,बेलाबखत केही सुझावहरु पनि दिँदै आएको छु । यहि पत्रिका र सम्पादक इन्द्रसिंह राजवंशीको प्रेरणाले आजभोलि केही लेखहरु पनि लेख्न थालेको छु ।मलाई लाग्छ, अबका दिनहरुमा यो प्रतिदिनले अझ बढी पाठकको मनमा बस्न सफल रहने छ ।

आजभोलि म प्रतिदिन दैनिकको साथी पनि भएको छु ।बिहान हुनेबित्तिकै कतिखेर यो पत्रिका पढ्न पाइन्छ भन्ने ब्यग्र प्रतीक्षामा रहन्छु ।सायद यसले मेरो मन जितिसकेर होला ।मेरो मात्र हैन सम्पूर्ण पाठकहरुलाई पनि यस्तै यस्तै हुन्छ होला ।हुन त अहिलेको सामाजिक सञ्जालको दुनियाँमा एउटा पत्रिका प्रकाशन गर्न अनेकौ कठिनाईहरु छन् तर ती कठिनाईहरुको वाबजुद आफ्ना पाठकहरुको निम्ति सदैव अग्रसर रहेको छ प्रतिदिन दैनिक ।मोफसलमा रहेर पत्रिका निकाल्नु र पत्रकारिता गर्नु फलामको चिउरा चपाउनु सरह थियो केही बर्ष अघिसम्म तर अहिले यो पत्रकारिता अलिक सहज बनेको छ,अहिले यो अनलाईनको जमानामा यसरी निरन्तररुपमा पत्रिका प्रकाशन गर्न सकेकोमा प्रतिदिन दैनिक टिमलाई पुनः धन्यबाद दिनै पर्छ र निरन्तर रुपमा १६ बर्ष पूरा गरेर १७ बर्षमा प्रवेश गरेकोमा पुनः शुभकामना ब्यक्त गर्न चाहन्छु ।आगामी दिन अझ सशक्त बन्न सकोस् । प्रतिदिन दैनिक सम्पादकीय टिमलगायत सम्पूर्ण ब्यवस्थापकीय टिमलाई पनि शुभकामना दिन चाहन्छु । जय प्रतिदिन !

# पिकअपको ठक्करबाट स्कुटर चालकको मृत्यु

झापा(प्रस)। झापाको शिवसताक्षी नगरपालिका वडा नम्बर ११ झरना पुलनजिक पूर्वपश्चिम राजमार्गमा पिकअपको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ । मंगलवार दिउँसो २.३० बजे बिर्तामोडबाट दमकतर्फ जाँदै गरेको प्र १-०२-००२ च ६४५४ पिकअप र बिपरीत दिशाबाट आउँदै गरेको प्र १-०१-०१२ प ३३७१ नम्बरको स्कुटर एकआपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा शिवसताक्षी नगरपालिका वडा नम्बर ९ बस्ने १९ वर्षीय सुजल अधिकारी घाइते भएका थिए । उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पुर्याई डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । पिकअप चालक तेह्रथुम म्याङलुङ नगरपालिका ४ बस्ने ३६ वर्षीय अर्जुन शंकरलाई इलाका प्रहरी कार्यालय सुरुङ्गाले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मानबहादुर वन(महेन्द्र) — प्रमुख प्रशासकीय अधिकृत
लक्ष्मीदेवी मैनाली — उपाध्यक्ष
रविन्द्रप्रसाद लिङ्देन — अध्यक्ष

**हल्दिवारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हल्दिवारी, झापा**

पाठेघरको मुखको क्यान्सर गराउने human papillonmavirus विरूद्धको एच.पि. भी. खोप अभियान सफल पारौं । यही माघ २२ देखि २७ गतेसम्म सो अभियान हल्दिवारी गाउँपालिकामा संचालन हुँदैछ ।

**हार्दिक बधाई तथा शुभकामना**

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिंदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुनिता तुम्बाहाङ्फे — प्रमुख प्रशासकीय अधिकृत
नरमाया कार्की — उपप्रमुख
मेगाहाङ्ग थोप्रा( रोशन) — नगर प्रमुख

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**व्यांगडाँडा, झापा**

पाठेघरको मुखको क्यान्सर गराउने human papillonmavirus विरूद्धको एच.पि. भी. खोप अभियान सफल पारौं । यही माघ २२ देखि २९ गतेसम्म सो अभियान शिवसताक्षी नगरपालिकामा संचालन हुँदैछ ।

# चेतना नेपालद्वारा शैक्षिक सामग्री वितरण

झापा, माघ १५ । चेतना नेपालले सूर्तीजन्य , मदिराजन्य तथा नसाजन्य पदार्थविरुद्धका शैक्षिक सामग्री वितरण गरेको छ ।

जिल्ला समन्वय समिति झापाको सभाहलमा भद्रपुर, मेचीनगर , बिर्तामोड नगरपालिका तथा हल्दिवारी गाउँपालिकाका सामुदायिक तथा निजी गरी ६० वटा विद्यालयहरुलाई सूर्तीजन्य , मदिराजन्य तथा नसाजन्य पदार्थविरुद्धका शैक्षिक सामग्री वितरण गरिएको हो ।

कार्यक्रममा लागूऔषध दुर्व्यसनविरुद्धको अभियान सफल बनाउन सबै तह तप्कालाई परिचालन हुन आग्रह गर्दै कार्यक्रमको औचित्यमाथि अध्यक्ष ओलीले प्रष्ट्याएका थिए । त्यस्तै ड्रग्स एडिक्सनको बारेमा चेतना नेपालका सदस्य तथा साथी शिक्षा अभियानकर्ता दर्शन भट्टराईले प्रशिक्षण दिएका थिए ।प्याब्सन भद्रपुर नगर समितिका अध्यक्ष भक्तबहादुर कार्कीले यो अभियान संस्थागत विद्यालयका तर्फबाट सहकार्य गर्ने उपयुक्त कार्यक्रम रहेको बताए । त्यसैगरी प्रमुख




चेतना नेपालका अध्यक्ष तथा प्रमुख प्रशिक्षक इन्द्रप्रसाद ओलीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख विश्वनाथ बरालको प्रमुख आतिथ्य तथा भद्रपर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेल , प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, प्रहरी प्रमुख मिलन केसी, मेची बहुमुखी क्याम्पसका सहप्राध्यापक तारा विविध ,नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. काँकरभिट्टाका संस्थापक अध्यक्ष रामचन्द्र उप्रेती, चेतना नेपालका मानार्थ सदस्य सामाजिक व्यक्तित्व शिव राजभण्डारी, चेतना नेपालकी उपाध्यक्ष उषा गुरुङ ,प्याब्सन केन्द्रीय समितिका सल्लाहकार गोविन्द लम्साल ,प्याब्सन भद्रपुर नगर समितिका अध्यक्ष भक्तबहादुर कार्की सचिव सुरज सापकोटा ,सदस्य राजशकर झा , ओली एशोसिएटका बजार प्रबन्धक ओजेश ओली, चेतना नेपालका सल्लाहकार सदस्य प्रेम सेढाईलगायत विद्यालयका प्रधानाध्यापक ,शिक्षक र बाल क्लबका अध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

जिल्ला अधिकारी गोपालकुमार अधिकारीले आयोजक संस्थाको प्रशंसा गर्दै यी सामग्री सही तरिकाले प्रयोग हुनसके बढ्दो लागूऔषध दुर्व्यसन न्यूनीकरणमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । नगर प्रमुख गणेश पोखरेलले यो अभियानमा स्थानीय सरकारको साथ सहयोग रहने प्रतिवद्धता जनाए ।

प्रमुख अतिथि विश्वनाथ बरालले कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गर्दै जिल्लाभरि शैक्षिक सामग्री पुर्याउन सबै लाग्नु पर्नेमा सबैको ध्यान आकृष्ट गराए । उक्त कार्यक्रममा शैक्षिक सामग्री सौजन्य गर्ने संस्थाहरुलाई प्रमुख अतिथि बरालले प्रशंसापत्र प्रदान गरेका थिए । ।त्यसैगरी अभियानकर्ता कल्पना भट्टराई , साथी शिक्षाको रुपमा काम गर्दै आएका दर्शन भट्टराई र अशिम श्रेष्ठलाई समेत प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य चेतना नेपालकी सदस्य तथा प्रशिक्षक कल्पना भट्टराईले गरेकी थिइन् भने संचालन संचारकर्मी केशव भट्टराईले गरेका थिए ।

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

टसबहादुर प्रधान
अध्यक्ष
कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४ , झापा

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सहारा नेपाल

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सुमित्रा रेग्मी, व्यवस्थापक
पशुपति बराल, अध्यक्ष
नयाँ मिलन बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड , झापा

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गोपालबहादुर थापा
संचालक
मैनाचुली ह्युमपाइप उद्योग
भद्रपुर , झापा

## मोटरसाईकल बिक्री गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१६

यस संस्थाको नाममा रहेको Hero Honda Motorcycle 125cc को मोडेल नं.सुपर स्प्लेण्डर मोटरसाईकल नं.प्र.१-०१-०१५ प.४०५५हाल जे जुन अवस्थामा रहेको छ सोही अवस्थामा बिक्री गर्नु पर्ने भएकोले निम्न अनुसारको शर्त तथा बन्देजमा रहि गोप्य खामबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र पेश गर्नु हुन इच्छुक सबैलाई जानकारीको लागि यो बोलपत्र प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. बोलपत्र ब्यक्ति तथा अन्य संघ,संस्था,कम्पनी वा फर्मले पेश गर्न सक्नेछ ।
२ बोलपत्र पेश गर्दा रु ३०००/-धरौटी रकम यस संस्थाको एक्सेल डेभलपमेन्ट बैंक,विर्तामोड शाखा कार्यालयमा रहेको खाता नं.००१००२००००३६६७००००००२ मा जम्मा गरि उक्त भौचरको सक्कल प्रति बुझाउनु पर्नेछ ।
३ सबैभन्दा ज्यादा रकम कबोल गर्नेलाई मोटरसाईकल पास गरिन्छ अन्यको धरौटी रकम फिर्ता गरिनेछ ।
४. मोटरसाईकलको आ.व.२०८१/२०८२ सम्मको लाग्ने कर बुझाउने यस संस्थाको जिम्मेबारी रहनेछ ।
५ मोटरसाईकलको अवस्था हेर्न चाहनेले यस संस्थाको मूल कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।
६ मोटरसाईकलको न्युनतम मुल्य रु.१,१५,५००/-(अक्षरेपी : एक लाख पन्ध्र हजार पाँच सय मात्र ) निर्धारण गरिएको छ ।
७. बोलपत्रमा सबैभन्दा बढी रकम कबोल गर्नेले मोटरसाईकल लिन नचाहेमा धरौटी रकम जफत गरिनेछ ।
८. बोलपत्र स्वीकृत गर्ने,अस्वीकृत गर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार यस संस्थामा रहनेछ ।

साथै

## वाईरिङ सामग्री खरिद सम्बन्धी कोटेशन आव्हानको सूचना

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बिर्तामोड- २ चारपाने झापाबाट बिद्युतीय चुलोमा लगानी गरिएका बिपन्न १५०० (अक्षरेपी :एक हजार पाँच सय) घरपरिवारका सदस्यहरुका लागि विजुलीको वाइरिङ स्तरोन्नति सहयोग कार्यक्रमका लागि आवश्यक तपशिल अनुसारका बिद्युतीय सामान खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनी/सप्लायर्सबाट आवश्यक कागजात संलग्न राखी ७ दिनभित्र शिलबन्दी काटेशन आव्हान गरिन्छ ।

**आवश्यक सामग्रीहरु :**

| क.सं | सामग्री विवरण | ईकाई |
|---|---|---|
| १. | वाइरिङ केवल तार | २.५ एम एम स्क्वाएर,मल्टिस्टेण्ड १७० क्वाएल |
| २. | सिङ्गल पावर सकेट (ग्याङ्ग टाईप) | १३ एम्प्यिर,१५०० वटा, ब्राण्ड : (राठी वा हिरो) |
| ३. | पिभिसी सर्फेस (३x३)बक्स | १५०० वटा |
| ४. | स्क्रुप (३x४)इन्च | २ के.जी. |
| ५ | पिभिसी बेण्डिङ्ग टेप | ३० वटा |

**शर्तहरु :**

१. फर्मको नाम,ठेगाना,भ्याट नम्बर,सम्पर्क नम्बर,फर्मको छाप,हस्ताक्षर स्पष्ट लेखिएको हुनुपर्ने छ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नु पर्ने छ ।
३. कोटेशनमा फर्मको ब्यवसाय प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र (आ.व.२०८०/२०८१) स्थायी लेखा नम्बर,मुल्य अभिवृद्धि कर प्रमाणपत्र,दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनुपर्ने छ ।
४. समय नाघि वा रीत पुरा नगरी प्राप्त भएको कोटेशनलाई मान्यता दिइने छैन ।
५. कोटेशन स्वीकृत गर्ने,नगर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।

**सहारा नेपाल (साकोस) लि.**
मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने
फो.न ०२३-५३११९८, ५३३४०८

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रुद्र सिटौला
अध्यक्ष
विराट सामुदायिक सिकाई केन्द्र
बिर्तामोड-३ , झापा

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मेघराज बास्तोला, अध्यक्ष
पारस मैनाली, सचिव
बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड , झापा

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय समाचारपत्र प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १७ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रुद्र सिटौला
अध्यक्ष
विराट सामुदायिक सिकाई केन्द्र
बिर्तामोड-३ , झापा

# सहिद दिवसको औचित्य

• **विन्नु प्रयास**

भित्री मनले बडो महत्वका साथ मनाउनुपर्ने दिवस हो सहिद दिवस । राजनीतिक परिवर्तनको एउटा ऊर्जाशील चिनो र गौरवका रूपमा लिइने राजनीतिक दिवसअन्तर्गतका सहिद दिवस २००७ सालको प्रजातान्त्रिक आन्दोलनपश्चात् मनाइँदै आएको छ । त्यसैको निरन्तरताले यसपटक पनि यो दिवस निम्तेको छ । तिख्खर, स्वादिलो र गौरवसाथ यो वर्ष सहिद दिवस मनाइनुपर्ने हो ।

तर इतिहासकै खल्लो र अर्थहीन सहिद दिवस भएको छ । इतिहासदेखि आजसम्म राणा शासनविरुद्धको आन्दोलनदेखि ०६२/०६३ को जनआन्दोलन दुई, जनयुद्ध, विभिन्न जातीय, मधेस, लैङ्गिक, पिछडावर्ग आदि तमाम आन्दोलनका क्रममा सहादत प्राप्त सहिदहरुको 'रूप' जे-जस्तो भए तापनि 'सार' एउटै हो ।
ती महान् सहिदका भावनाका सार भनेको सदियौंदेखि वञ्चित भएका अधिकारको सुनिश्चित गर्ने, सम्पूर्ण नेपाली जनताको मर्म र भावना समेट्ने लोकतान्त्रिक संविधान निर्माणपछि समुन्नत, समृद्धि र समावेशीसहित सुशासन तथा शान्ति र अमनचयन नै हो । ढिलै भए पनि संविधान प्राप्त गरेपछि नयाँ जोश, जाँगर, उत्साह र उमङ्गका साथ सहिद सप्ताह मनाइएको हुनुपर्थ्यो । नौलो आयामको सहिद दिवस




हुनुपर्थ्यो । तर दुर्भाग्यवस सहिद दिवसको रौनक छैन, तुक छैन । केवल समय घुमफिरको कर्मकाण्डी सहिद दिवस बनेको छ ।
संविधान सबै पक्षको चित्त नबुझ्रेको वा मधेसीको माग समावेश नभएको नाममा मुलुक झनै बर्बाद हुँदैछ । जसले गर्दा सम्पूर्ण सहिदको भावनामाथि खेलवाड र कुठाराघात भएको छ । देश र जनताले नयाँ संविधान प्राप्त गरेपछि त झन् सहिद दिवसको औचित्यलाई राजनीतिक दलहरुले नै निरर्थक तुल्याए ।

झन् तथाकथित संविधानको नाममा असोज ३ स्वर्णिम ऐतिहासिक दिन वा असफल कालो दिनका रूपमा विवादित हुने ढंगले काम गरे । सबै दलले आजसम्म निकास दिन नसकेपछि लाज छोप्न र असफलताको आलोचनामय परिस्थितिको ध्यान अन्यत्र मोड्न आरोप-प्रत्यारोपको पराकाष्ठामा पुगेका छन् ।
कुनै बेला फलानो सहिद आफ्नो र ढिस्काना सहिद अर्काको भनेर झगडा गर्ने राजनीतिक दलहरु सहिदलाई आफ्नो सत्ता आरोहणको भऱ्याङ बनाइरहेका छन् । सहिदलाई केवल भाडाका खेताला बनाउँदैछन् ।

केवल उनलाई सत्ता र भत्तामा पुऱ्याइदिने । सहिदलाई उनको मुनाफाका लगानी सावित गरिएको छ । सहिदका परिवारलाई दुई-चार लाख रकम दिएर राज्यको अरु सबै फाइदा आ-आफूले राख्ने वाणिज्य स्रोत ठानिएको छ । कुनै पनि सहिदले अर्थात् उनका भावनाले सीमा छुट्याएको थिएन, जात तोकेको थिएन, पहिचान साँघुऱ्याएको थिएन । पहाड, हिमाल, तराई वा मधेस जस्ता सीमा छुट्याएर भौगोलिक विखण्डनमा लागेका थिएनन् । आपसी विभाजनको सन्देश पनि दिएको थिएन । न त दलहरुलाई सत्ताको नाफा बाँडफाँट गरी खाऊन् भनी सहादत भएका थिए । सहिदको आशय अझै असभ्य बन, संविधान सभाहलमै जनावरीय स्वभाव प्रदर्शन गर, माइक, कुर्ची भाँच, बहुमत र अल्पमतको नाममा दमन गर भन्ने अवश्य थिएन । त्यसो त केवल भौतिकमात्र होइन आध्यात्मिकरूपमा सहिदको पुकार हुनुपर्ने हो । उनको नाममा केवल दुई-चार ठाउँमा गेट बनाइँदैमा, नाममा परिवर्तन गर्दैमा, साइनबोर्ड फेर्दैमा र ओठेभक्ति देखाउँदैमा सहिदको मर्यादा, मान र सम्मान कसरी हुन्छ ?

सहिदका बलिदानले स्थापना भएको लोकतन्त्रमा केवल वाक स्वतन्त्रता र झगडा गर्ने स्वतन्त्रता बाहेक जनताका जनजीविकाका सवाल झन् नाजुक बेहोर्न परिरहेको छ । भूकम्प र नाकाबन्दीको उपहारसहित अनुचित ढङ्गले महङ्गीको मार र भ्रष्टाचारको चपेटा जनताले खेप्नु परिरहेको छ । न्यानो वस्त्र, स्थान र खानपानको अभावमा मर्नेहरुको लास उठाउने चटारोको अवस्था छ । हरेक उत्पीडितसँगको सम्झौता कार्यान्वयनका लागि पुनः आवाज उठाउनु परिरहेको छ । यो वा त्यो अनगिन्ती समस्याले जनता झन् थिचिनु परिरहेको छ । अनि कसरी मनाउने जनताले सहिद दिवस ?

# देशान्तरणको विमर्श



• **रेवतीप्रसाद भुसाल**

नेपालबाट दैनिक हजारौँको संख्यामा नेपाली विदेश जाने गरेका छन् । शिक्षा आर्जन र कामको खोजीमा जानुका साथै पर्यटनका निमित्त विदेश भ्रमण गर्नेको संख्या पनि बढेको छ । शिक्षा मन्त्रालयका अनुसार सन् २०२३ मा एक लाख १२ हजार ५९३ विद्यार्थीले नो अब्जेक्सन लेटर लिएका थिए । श्रम विभागका अनुसार सन् २०२३ मा सात लाख ४१ हजार मानिस रोजगारीका लागि बाहिर गएका थिए । सन् २०२३ मा कुल १६ लाख मानिस विदेश गएको अध्यागमनको हिसाब अनुसार काम र शिक्षाका लागि आठ लाख मानिस विदेश गएको देखिन्छ । सात लाख ५० हजार मानिस पर्यटन वा व्यापार प्रवर्धनका लागि विदेश गएको देखिन्छ । नेपालमा अहिले शिक्षा आर्जन र कामका लागि विदेश जानेको सम्बन्धमा धेरै चर्चा गरिन्छ । चर्चा यसकारण पनि बढी गरिएको छ कि पहाडका गाउँ प्रायः सुनसान हुन थालेका छन् । जे जति जनसंख्या छ, त्यसमा पनि ६० वर्ष कटेका मानिसको संख्या अत्यधिक छ ।

युवा मात्र गाउँमा कम भएका होइनन् । बच्चाको मनमोहक कलाकारी र किशोरको चुलबुलापन देख्न पनि दुर्लभ हुन लागेको छ । जौ, गहुँ, मकै, कोदोलगायतका अन्न र फलफूल तथा बिरुवाले भरिभराउ सुन्दर बारी घाँसे मैदान बनेका छन् र बन्दै छन् । थोरै रहेको मानिसको जनसंख्यालाई बाँदर र बँदेलले अझ कष्टकर बनाएका छन् । खानेपानी, विद्युत्, यातायातका साधन, प्राथमिक स्वास्थ्य, माध्यमिक तहको शिक्षा प्रत्येक वडामा उपलब्ध छ । प्रायः हरेक टोलबस्तीमा मोटरबाटो पुगेको छ । सुविधा जति वृद्धि भएको छ र थपिँदै छ, टोलबस्ती त्यत्ति नै बढी खाली हुँदै छन् । यस्तो उल्टो गति क्रम किन बढिरहेको छ ? के यो शासनको असफलता मात्र हो कि अरू पनि कारण छन् ?

मानव इतिहास खोतल्दा मानिसको प्राकृतिक गतिक्रम घुमन्ते देखिन्छ । आदि मानव अफ्रिकाको भीषण गर्मी र अनावृष्टिबाट पीडित बनेपछि सहज जीवनको खोजीमा पूर्वउत्तरतर्फ लाग्दै हालको युरेसिया भनिने क्षेत्रमा बस्न पुगे । त्यहाँबाट भारतीय उपमहाद्वीप, चीन, अस्ट्रेलिया र पछि अमेरिकासम्म पुगी विस्तारित भए । हामी नेपालीका पुर्खामध्येका केही दक्षिणतर्फबाट र केही उत्तरतर्फबाट स्थानान्तर भई अहिलेको नेपालका विभिन्न स्थानमा बस्न पुगे । अफ्रिकाबाट अनावृष्टि, सुक्खाका कारण त्यहाँबाट स्थान परिवर्तन गरेको मानिए पनि युरेसियाबाट स्थानान्तरण हुनु अझ राम्रो जीवनको अपेक्षा साथै मानिसको नैसर्गिक जिज्ञासु स्वभाव र नवीनताको खोजी हो ।

रामायणकालीन सीता-रामको विवाह र महाभारतकालीन अभिमन्यु-उत्तराको विवाहबाट जनकपुर र अयोध्या तथा विराटनगर र हस्तिनापुर (हालको दिल्ली) को सम्बन्ध गाँसिएको घटना विवरण साहित्यिक मिथक वा वास्तविकता जे माने पनि बसोबासको परिवर्तन र व्यापार तथा पर्यटन नेपालीले हजारौँ वर्षपहिलेदेखि गरेको मान्न कर लाग्छ । सातौँ शताब्दीमा नेपालकी भृकुटी तिब्बतका राजा स्रङ्चङ गम्पोसँग विवाह गरेर गएको र उनी त्यहाँ गएपछि काठमाडौँका नेवार व्यापार गर्न तिब्बत पुगेकामध्ये कतिपय उतै विवाह गरी बसेको पाइन्छ । यो क्रम सन् १९५९ मा चीनले तिब्बतलाई अधीनस्थ गरेपश्चात् मात्र रोकिएको कुरा इतिहासकारले उल्लेख गरेका छन् ।
आधुनिक इतिहास हेर्दा सन् १८१६ को सुगौली सन्धिका कारण 'दर्प मर्दित' भएपछि बलभद्र कुँवर प्रतिशोध साध्न पन्जाबको लाहोरमा सिख सेनामा भर्ना भएको इतिहास छ । तत्पश्चात् नेपाली लाहोर गएर सिख सेनामा भर्ना हुने क्रम बढेकाले नेपालमा विदेशी सेनामा भर्ना भएर जागिर खानेलाई लाहुरे भनिने गरिएकामा पछि रोजगारीको सिलसिलामा नेपालबाहिर जाने सबैलाई लाहुरे भन्ने गरिएको थियो । नेपालसँगको युद्धमा नेपालीको वीरताबाट प्रभावित भएर अङ्ग्रेजले नेपालीलाई आफ्नो सेनामा भर्ना गर्न सुरु गरे । तिनैमध्येका धेरै नेपाली हङकङ, बेलायतमा बस्न पुगेका छन् । भारतको कोलकाता, दिल्ली, विहार आदि ठाउँबाट अझ राम्रो अवसरको खोजीमा नेपाली १९ औँ शताब्दीमा नै बर्मा, थाइल्यान्ड पुगेका थिए । बर्मामा अहिले पनि करिब पाँच लाखको संख्यामा हिन्दु नेपाली रहेको अनुमान छ । उनीहरू कृषि, बागवानी, पशुपालन र केहीले रत्नको व्यापार गरिरहेका र केहीले रत्नका खानीको स्वामित्व लिएर बसेको बताइन्छ । नेपालीको सरल गन्तव्य भारत भएको र भाषा, लिपिको समानताका कारण पनि ठुलो संख्यामा नेपाली भारतमा नै छन् ।
विक्रम संवत् २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना हुनुअघिसम्म नेपालीलाई भारतबाहेकका देशमा यात्रा गर्न राहदानी प्राप्त गर्नु सरकारको निगाहमा भर पर्दथ्यो । उपचारका लागि बेलायत जानु जरुरी भएकाले विसं २०२६ मा बिपी कोइरालालाई राहदानी दिन राजदरबारले अस्वीकार



गरेकाले मानवका नाताले भारतले दिएको परिचयपत्रका आधारमा उहाँ उपचार गर्न बेलायत पुग्न सम्भव भएको थियो । प्रजातन्त्रको स्थापनापछि नेपाली नागरिकलाई राहदानी प्राप्त गर्न खुला गरियो र विसं २०५२ पछि काठमाडौँबाहेक तत्कालीन अवस्थाका पाँच विकास क्षेत्रबाट राहदानी वितरण गर्न प्रारम्भ गरियो । अहिले ७७ जिल्ला प्रशासनबाट नेपालीले राहदानी प्राप्त गर्न सक्छन् । राहदानी प्राप्त गर्न सरल बनेपछि नेपालीको विदेश जाने क्रम पनि वृद्धि भएको छ । अहिले नेपालको विदेशी मुद्रा आर्जनको प्रमुख हिस्सा नै विप्रेषण भएकाले काममा विदेश जाने नेपालीको आर्थिक महत्व कति छ भन्ने सहजै आकलन गर्न सकिन्छ ।
अहिले युवा विद्यार्थीमा माध्यमिक तहको शिक्षा समाप्त गर्नासाथ विदेश जाने प्रवृत्ति बढ्दो छ । अध्ययनका लागि विदेश जाने गन्तव्य मुलुकमा अमेरिका, अस्ट्रेलिया, जापान र युरोपियन मुलुक पर्छन् । यसमा अध्ययनको मात्र उद्देश्य राखेर जानेको संख्या न्यून छ । अधिकांशको उद्देश्य ती मुलुकमा काम गरी पढ्नुका साथै आयआर्जन गर्नु र सकेसम्म त्यही स्थायी आवास गर्नु रहेको हुन्छ । विद्यार्थीका आमाबुवाको मानसिकता पनि भरसक छोराछोरी युरोप, अमेरिका, अस्ट्रेलियालगायत विकसित मुलुक जाऊन् भन्ने रहेको हुन्छ । देखावटी रूपमा छोराछोरीले बस्नै मानेन भने पनि मेरो छोरो वा छोरी अमेरिका, बेलायत या जापान छ भन्नु र कहिलेकाहीँ छोराछोरी भेट्न आफूहरू पनि जानुलाई गौरवका रूपमा लिएको सबैले अनुभव गरेकै हो । आफू जान नसके पनि त्यतै स्थायी आवास पाएका युवकयुवतीसँग विवाहित हुन खोज्नुले पनि नेपालीमा विकसित देशमा जाने मोहलाई दर्साउँछ ।
अहिले एउटा भनाइ नेपालमा सर्वत्र सुनिन्छ । नेपालमा काम गर्ने वातावरण छैन । जतातते भ्रष्टाचार छ । रोजगारीको अवसर छैन । त्यसैले युवा जति विदेश पलायन हुँदै छन् । देश खत्तम भयो । नेताहरूले बिगारे । मानिसमा देश बिग्रियो भन्ने एक खालको प्राक्कल्पना नै बनेको छ । यसमा सत्यता हुँदै नभएको होइन । जति विकरालता प्रदर्शन गर्न खोजिएको छ, त्यो पनि यथार्थ होइन । सरकारी तथ्याङ्कका कुरा नगरौँ । माघ ११ गते अनलाइन खबरमा सेयरकास्ट इनिसिएटिभ नेपाल भन्ने संस्थाले ५२ जिल्लाका तीन हजार घरमा पुगी गरेको सर्वेक्षण प्रकाशित गरिएको छ । त्यसमा पाँच वर्षपहिले र अहिलेको बिचमा मानिसले कस्तो अनुभव गरेका छन् भन्ने देखाएको छ । देशको अवस्था खराब कि सुधार भन्ने प्रश्नमा ५०.५ प्रतिशत मानिसले पाँच वर्षभन्दा अहिले सुधार भएको भनेका छन् भने २४.३ प्रतिशत मानिसले देशको अवस्था बिग्रिएको बताएका छन् । तपाईंको पारिवारिक अवस्था सुध्रियो कि झन् खराब भयो भन्ने प्रश्नमा ५६.९ प्रतिशतले सुध्रिएको बताएका छन् । नेताका सम्बन्धमा भने अधिकांशको नकारात्मक विचार छ । यो साधारण घरपरिवारको भोगाइ र धारणा हो । यसमा कृत्रिमता छैन ।
अर्कातर्फ व्यापार वा पर्यटनका लागि सात लाख ५० हजार मानिस बाहिर जानुले पनि नेपालीको आर्थिक अवस्थामा सुधार भएको नै देखाउँछ । देश बिग्रियो भन्ने नकारात्मकता पनि राजनीतिक व्यक्तिले नै फैलाएको हो । सत्तामा हुँदा सब ठिक देख्ने, सत्ताबाहिर बस्दा देश खतम भयो भन्ने राजनीतिक नेताको भ्रमको प्रचारले नकारात्मकता फैलाउन मद्दत गरेको छ । हो, देशमा समस्या छ, बेरोजगारी छ । औद्योगिक विकास हुन सकेको छैन । कृषि उत्पादनमा पनि परनिर्भर छौँ । भ्रष्टाचार छ । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व इमानदार भएको भए देशले अझ प्रगति गर्न सक्थ्यो । हामी जस्तै भूपरिवेष्ठित देश भुटानको हाराहारीमा प्रतिव्यक्ति आम्दानीमा पुग्न सकिन्थ्यो । केही नभएको र देश खत्तमै भएर युवा विदेश पलायन भएको भाष्य पनि तथ्य र तर्कसङ्गत देखिँदैन ।

मानिसको प्रवृत्ति सुविधा र अवसर खोज्ने रहेको माथि नै चर्चा गरिएको छ । अमेरिकाका मानिस युरोप र युरोपका मानिस अमेरिकातर्फ बसाइँ सर्ने अद्यापि चलन छ । उनीहरू देश खतम भएर बसाइँ सरेका होइनन् । फेरि हाम्रो बेरोजगारीको समस्या समाधान गरिदिन विकसित मुलुकले यहाँका युवालाई अवसर दिएका पनि होइनन् । ती देशमा जन्मदरको कमीले श्रमिकको अभाव पूर्ति गर्न यहाँका युवाले अवसर पाएका हुन् । विकसित देशको जन्मदर प्रतिपरिवार दुईभन्दा पनि कम भई जनसंख्या असन्तुलनको चपेटामा छन् । यो असन्तुलन उनीहरूले बाहिरी देशबाट पूर्ति गरिरहेका छन् । हाम्रोमा अवसरको कमी तथा विकसित देशमा श्रमको कमीले स्वाभाविक रूपमा श्रमको माग र आपूर्ति मिलेको हो । हामी युवा बाहिरिएकाले चिन्तित छौँ । युरोप तथा अमेरिकामा दक्षिणपन्थी बाहिरी आप्रवासनले हाम्रो मौलिकता हराउन लाग्यो, स्वदेशीको रोजगार खोसियो भन्ने भाष्य बनाउन लागेका छन् ।
माओवादी द्वन्द्वको समयमा गाउँ छाडेको जनसंख्यालाई पुनः गाउँमा पुनर्स्थापित गराउने योजना राज्यले बनाउन सकेन । यसले पनि पहाडी गाउँका धेरै परिवार विस्थापित भए । गाउँ खाली हुनुको प्रमुख कारण यो पनि हो । यसले जनसंख्याको असन्तुलन मात्र बढाएको छैन, यसले ग्रामीण संस्कृति, सभ्यता र परम्परागत पारिवारिक माया, ममता, स्नेह र अपनत्वको भावनामा नै ह्रास आएको छ । गाउँमा हुने सामूहिकता र सहयोगको संस्कृति हराउँदै जान थालेको छ । मानिस एक्लो बन्दै छ । कैयौँ परिवारको सम्बन्ध छिन्नभिन्न हुन पुगेको छ । पहाडका जिल्ला अदालतमा सम्बन्धविच्छेदका मुद्दा नै अत्यधिक छन् । पारिवारिक स्नेहको अभावले परिवार मात्र विघटन हुने होइन, यसले समाज नै भ्रष्ट तथा चरित्रहीन बनाउँछ ।

युवा विकसित देशमा जानु त्यहाँको प्रविधिसँग अभ्यस्त हुनु र नयाँ काम व्यवसाय सिक्नु हाम्रा लागि अवसर पनि हो । देङ सियाओ पेङले आफ्नो १० बर्से कार्यकालमा चीनको कायापलट गरे । उनी सिङ्गापुर जाँदा त्यहाँको प्रगतिबाट प्रभावित भएर सयौँ चिनियाँलाई त्यो प्रगतिको रहस्य अध्ययन गर्न सिङ्गापुर पठाए । आफ्नो देशको आवश्यकता अनुसारको प्रविधि सिकेर स्वदेश फर्कन विद्यार्थीलाई युरोप तथा अमेरिका पठाए । अहिले त्यही शिक्षा र सिपको जगका आधारमा चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र बनिसकेको छ । हाम्रा मन्त्री र कर्मचारी निरन्तर विदेश भ्रमणमा निस्कन्छन् । उनीहरू न्युयोर्क पुगे भने स्टेचु अफ लिबर्टी र ह्वाइट हाउस हेर्छन् । फोटो लिन्छन् । फ्रान्स पुगे आइफिल टावर र भर्साइल दरबार भिजिट गरेको फोटो राख्छन् । चीन पुगे ग्रेटवाल हेरेर आउँछन् । ती देश कसरी विकसित बन्न पुगे ?

आजभन्दा १५० वर्षभन्दा पनि अघि बनेको न्युयोर्कको रेल, सडक सञ्जालले कसरी अहिलेसम्म पनि संसारको सबभन्दा व्यस्त र अग्ला भवन भएको सहरलाई धानिरहेको छ भन्नेतर्फ उनीहरूको दृष्टि पुग्दैन । आइफिल टावरनजिकैबाट बग्ने साइन नदी जो ७५६ किलोमिटर लामो छ, कसरी यति सफा राखेका छन् ? हामीले नेपालमा जम्मा १९६ किलोमिटर लम्बाइ भएको बागमती नदी पनि सफा राख्न सकेका छैनौँ भन्ने प्रश्न उनीहरूको मनमा उत्पन्न हुँदैन ।

काठमाडौँका सडकमा बाटो पिच गर्नासाथ कहिले पानी कहिले ढलका लागि किन बिगारिन्छ तर युरोप, अमेरिकालगायतका विकसित देशमा किन त्यस्तो देखिँदैन ? यो सोच पनि उनीहरूमा आउँदैन । राज्यले जनताले तिरेको करको खर्चबाट विदेश पठाउँदा त्यस देशबाट के लाभ लिन सकिन्छ ? के शिक्षा आर्जन
गरिन्छ ? भनेर सोच्नुपर्ने हो । अहिलेसम्म त्यस्तो सोच आएको जनताले महसुस गरेका छैनन् । यो नेपाली जनताको पसिनाको सदुपयोग भयो कि दुरुपयोग ? यी प्रश्नको सन्तोषजनक उत्तर आजसम्म प्राप्त भएको छैन । निर्वाचित अस्थायी सरकारले स्थायी सरकार प्रशासकलाई र कर्मचारीले नेतालाई जिम्मेवारी सार्ने अनि कोही पनि जवाफदेही नहुने, देशले कसरी उन्नति गर्न सक्छ ?
स्वेच्छाले स्थानान्तरण वा देशान्तरण मानवीय प्रवृत्ति हो । यसलाई बलपूर्वक रोक्न सकिँदैन । स्थानान्तरण वा देशान्तरणलाई निषेध गर्नु पनि प्रत्युत्पादक हुन सक्छ । विकसित देशका मानिस पनि देशान्तरण गरिरहन्छन् । आफ्नो देशले कति र कस्तो प्रकारको आप्रवासनलाई आत्मसात् गर्न सक्छ भन्ने सम्बन्धित देशको चासोको विषय हो । बाध्यताले बिदेसिनुपर्ने नेपालीलाई नेपाल बस्न सहज हुने बनाउनु नेपाल राज्यको जिम्मेवारी हो । राज्यले नागरिकको जिम्मेवारी नलिने हो भने त्यो राज्यको जिम्मेवारी नागरिकले पनि लिँदैनन् । यो जिम्मेवारी पूरा गर्न राज्य अग्रसर हुनै पर्छ । लोकतान्त्रिक सरकारले अब पनि विगतबाट शिक्षा नलिनु र आफ्नो जिम्मेवारी पूरा नगर्नु भनेको देशको माया नभएको र नागरिकलाई हेपेको मान्नु पर्छ ।

नेपालले अमेरिका, चीन वा भारतको विकासको नक्कल गर्नु हानिकारक हुन्छ । हामीले हाम्रो देशको अवस्था र भौगोलिक स्थिति अनुसारको विकास मोडल लिनु पर्छ । अहिले नै अत्यधिक सहरीकरणका समस्या देखिएका छन् । बागमती किनार र नक्खु किनारमा असोज १२ र १३ को बाढीले गरेको विध्वंस अत्यधिक तथा योजनाविहीन सहरीकरणको परिणाम हो । पहाड होस् वा तराई ग्रामीणमुखी विकास नगर्ने हो भने हाम्रा समस्या बढ्दै जाने छ । सरकारी शिक्षालाई कसरी स्तरीय बनाउने ?

हरेक जिल्लामा विशेषज्ञ चिकित्सक बस्न सक्ने अवस्था र स्वास्थ्य उपकरणको उपलब्धता कसरी वृद्धि गर्ने ? स्वस्थ पिउने पानी र भरपर्दो विद्युत् उपलब्धता कसरी सुनिश्चित गर्ने ? कुन गाउँमा कुन खालको उत्पादन राम्रो हुन्छ, त्यसको विस्तृत सर्वेक्षण र त्यही अनुसारका साना, मझौला उद्योग स्थापनाका लागि राज्यले के कस्तो नीति लिने ? यी र यस्तै अरू पनि साधारण जस्तै लाग्ने विविध सेवा र उत्पादनमुखी अर्थतन्त्रमा ध्यान र लगानी केन्द्रित गर्ने हो भने हाम्रो देश अझ सुन्दर बनाउन सकिन्छ । मानिसको जानेआउने क्रम चलिरहन्छ । मानिसको देशान्तरणले कुनै देश रित्तो भएको छैन र हाम्रो पनि हुने छैन । हाम्रो देश सन्तोषसाथ बस्न सक्ने बनाउने हो र यो हामीले नै गर्ने हो ।

# गंगा आरती: सभ्यता, संस्कृति र प्रकृतिको संगम



• केशव भट्टराई



मानव सभ्यताको सुरुवात नदी किनारबाट भएको हो। जीवन जिउने र जीविकोपार्जन गर्ने दुवै सन्दर्भमा प्राचीनकालका मानिसहरू मुख्यतया पानीसँगै निर्भर थिए। त्यसो त पानी हिजो आज र भोलि पनि अपरिहार्य छ । मानव जीवनसँग जोडिएको नदी सभ्यता मानिसको आयु रहेसम्म सँगसँगै रहिरहनेछ । नदी किनारबाट विकासको गोरेटोमा पाइला चालेका मानवले आजका दिनसम्म पनि पानी प्रत्यक्ष रुपमा जोडिएको छ ।

पूर्वी होस् या पाश्चात्य समाज, प्राचीनकाल होस् या आधुनिक जीवन, शिखरमा होस् या त समुद्र किनार यी सबै स्थानमा पानीको अनिवार्यता सधैं सधैं महत्वपूर्ण रहिआएको छ ।

हाम्रा प्राचीन र वैदिक ग्रन्थहरूले पानीलाई जीवनको अमृतका रूपमा वर्णन गरेका छन्। ऋग्वेदमा "जीवन र अमृतको स्रोतको रूपमा रहेको पानीले हामीलाई शक्ति र जीवन प्रदान गर्दछ" उल्लेख छ।

नदीहरूलाई गंगा सरस्वती र सिन्धुका रूपमा आराधना गरिँदै आएको छ। अथर्ववेदले शारीरिक र आध्यात्मिक शुद्धता पानीले मात्रै दिन सक्दछ भनेको छ यजुर्वेदले जललाई हवन, यज्ञ र पूजाका लागि अत्यावश्यक मान्दै पृथ्वीको सन्तुलन र जीवनको आधार स्रोत दर्शाउँदै पर्यावरणीय सन्देश प्रवाह गरेको छ । यसैगरी सामवेदले नदी ताल र वर्षालाई समृद्धिको स्रोतका रूपमा प्रशंसा गरी यसको संरक्षण र उपयोगका लागि अनुशासित बन्न सिकाएको छ।

स्कन्द पुराण पद्मपुराण र विष्णु पुराण जस्ता ग्रन्थहरूमा गंगालाई पवित्र नदीको रुपमा वर्णन गरिएको छ। नेपालको भूगोललाई सिंचित गर्दै बग्ने प्रायः सबै साना ठूला नदी तिनै पवित्र गंगामा गएर मिसिएका छन् । गंगाको पवित्रताको उत्पत्ति नेपालकै शिरमा रहेको हिमालय पर्वतमाला हो।

गंगाको स्नानले पाप नाश भएर मोक्ष प्राप्ति हुने विश्वास छ। सरस्वती नदीलाई ज्ञान र पवित्रताको प्रतीक अनि यमुना नदीलाई प्रेम र भक्तिसँग जोडेर नदी किनारको महात्म्यलाई वर्णन गरेका प्राचीन पूर्वीय ग्रन्थहरुले समुद्र मन्थनको प्रसङ्गमार्फत पानीको सकारात्मक र नकारात्मक शक्तिहरुलाई अमृत (जीवन ) अनि विष ( विनाश ) प्राप्तिको अर्थपूर्ण चित्रण गरेका छन् ।

सिङ्गो सृष्टिलाई जीवन्त राख्ने अमृतरूपी जल अर्थात् पानीको पूजा, अर्चना र आराधना हाम्रो हजारौं वर्ष पुरानो संस्कृति हो। पछिल्ला दिनहरुमा नेपालका धार्मिक स्थल र अनुष्ठानहरूमा सञ्चालन हुँदै आएको गंगा आरती दिन प्रतिदिन लोकप्रिय बन्दै गएको छ ।

काठमाडौँ पशुपति परिसरभित्र बागमती नदी किनारमा नियमित गंगा आरती हुँदै आएको छ। अन्यत्र अनुष्ठानहरूमा पनि यो दिव्य आरती सबैका लागि आकर्षणको केन्द्रबिन्दु बन्दै गएको देखिन्छ।

पूर्वीय संस्कृतिमा पवित्र गंगा नदीलाई विशेष श्रद्धा व्यक्त गर्न यो परम्पराको सुरुवातको मिति र स्थान यकिन नभए पनि भारतका वाराणसी, हरिद्वार र ऋषिकेशमा गंगा आरती विशेष रुपमा प्रसिद्ध रहेको छ ।

गंगा आरतीको मुख्य उद्देश्य गंगा नदीको महत्वलाई सम्मान गर्दै आध्यात्मिक ऊर्जा प्राप्त गर्नु हो। जसले नदी सभ्यता र प्रकृतिको पूजासँग गहिरो सम्बन्ध राख्दछ।

गगा नदी धार्मिक दृष्टिकोणले मात्र नभई सांस्कृतिक, ऐतिहासिक र पर्यावरणीय दृष्टिकोणले पनि महत्त्वपूर्ण छ।

यिनै नदी किनारहरूमा मानव सभ्यताहरू फस्टाए , कृषि प्रणालीको विकास भयो र व्यावसायिक एवं सांस्कृतिक क्रियाकलापहरू सञ्चालन हुँदै गए। त्यसकारण "गंगा आरती" नदीको सांस्कृतिक र ऐतिहासिक महत्वको सम्मानको प्रतीक पनि हो। हाम्रो सभ्यता र प्रकृतिलाई जोगाउँदै नदी संरक्षणको सचेतना जगाउन गंगा आरती उपयोगी माध्यम पनि हो। भारतको गंगा नदी तटका प्रसिद्ध तीर्थस्थलबाट सञ्चार हुँदै व्यवहारिक रुपमै हाम्रा धार्मिक स्थल र अनुष्ठानसम्म आइपुगेको गंगा आरती - केवल धार्मिक अनुष्ठान मात्र नभएर पानी, नदी र जीवनचक्रप्रतिको उच्चतम सम्बोधन पनि हो। जसले मानवीय चेतनालाई प्रकृतिप्रति जिम्मेवार बनाउन मद्दत गर्दछ।

आस्था र आराधनाको यो आरतीमार्फत हामी नदी सरसफाई र संरक्षण अभियानहरुसँग जोडिन सक्दछौँ। आरतीको प्रस्तुतिसँगै गुरुजन र कलाकारहरुले "नदीको बचाउ" "प्रकृतिको रक्षा" जस्ता सन्देश पनि प्रवाह गर्दै नदी प्रदूषण र अतिक्रमण रोक्न संचालित अभियानहरुमा थप बल प्रदान गर्न सक्दछन् । जलस्रोत मात्र होइन, सबै प्राकृतिक सम्पदा र सम्पत्तिहरूको सम्बर्धन र सम्मानलाई प्रतिनिधित्व गराउँदै गंगा आरतीले मानव सभ्यता र प्रकृतिबीचको सह अस्तित्वका लागि दिशानिर्देश पनि गरिरहेको छ ।

सयौँ- हजारौँ मानिसहरूलाई एकै समयमा, एकै स्थानमा उभ्याएर सामूहिक चेतना फैलाउँदै नदी सभ्यताको आध्यात्मिक, सांस्कृतिक र पर्यावरणीय महत्वलाई नविन पुस्तामा हस्तान्तरण गर्ने उत्कृष्ट माध्यम पनि बनिरहेको छ -दिव्य गंगा आरती।

तसर्थ गंगा आरतीलाई नदी सभ्यता र प्रकृति पूजासँग जोडिरहँदा केवल धार्मिक विश्वासलाई मात्र बल पुग्ने होइन, यसले त मानिसहरुलाई माटो, पानी र पर्यावरणप्रति उत्तरदायी बनाउने गहकिलो साधन पनि बन्न सक्छ । सिंगो प्राकृतिक परम्पराको सम्मान र संरक्षणका लागि उत्प्रेरित पनि गर्दछ । पानीलाई भौतिक आवश्यकताका लागि मात्रै नभएर आध्यात्मिक शुद्धताको साधनका रूपमा पनि व्याख्या गरिएको छ। वेद पुराणहरूमा आजको वातावरणीय संकट समाधान गर्न जलस्रोत नै मुख्य आधार बन्न सक्दछ भनी उल्लेख छ। जलको संरक्षण यसको उपयोग र आध्यात्मिक महत्वबारे ग्रन्थ संस्कृति परम्पराहरूले आधुनिक जीवनशैलीलाई सन्तुलित बनाउन पक्कै पनि मद्दत पुर्याउँदछ। जीवन जिउनकै लागि अत्यावश्यक यी सन्देशहरु नदी सभ्यताको आराधनाको दिव्य प्रस्तुति गंगा आरतीमार्फत सम्प्रेषित हुनु अत्यावश्यक छ ।

# मेची राजमार्गमा यातायात ठप्प

झापा(प्रस)। बन्दका कारण मेची राजमार्गमा यातायात ठप्प बनेको छ ।

झापा बुद्धशान्ति -१ पुलचोकस्थित मेची राजमार्गमा पहिचानका लागि युवा दस्ताका केन्द्रीय सह कमाण्डर एवं पहिचानवादी मोर्चाका संघीय सदस्य एबीराज आङदम्बेको नेतृत्वमा पहिचानवादी मोर्चाको संघीय सदस्य शर्मिला आङदम्बे, प्रदेश नं. १ पुनः नामांकन संयुक्त संघर्ष समितिका झापा जिल्ला सह संयोजक राजा आङथुपो, एलभी कमान्डर करण शेर्पा, मुक्कुमलुङ संघर्ष समितिका झापा जिल्ला सह संयोजक पूर्ण सुहाङलगायत करिब २५ जनाको उपस्थितिमा सडकमा बसेर यातायात रोकेका थिए । जसका कारण झापाबाट मेची राजमार्ग हुँदै इलाम, पाँचथर, ताप्लेजुङ चल्ने यातायातका सवारी साधनहरु ठप्प भएका छन् । काठमाडौंबाट आएका लामो दुरीका सवारी साधनहरुलाई प्रहरीले स्कर्टिङ गरी इलामतर्फ पठाएको छ । हालसम्म ५ वटा रात्रिबस, ३ वटा हायस गाडीलाई प्रहरीले स्कर्टिङ गरि इलामतर्फ लगेको जनाइएको छ ।

घोषित मेची राजमार्ग बन्दलाई सफल बनाउन मंगलवार बिहान मेची राजमार्गअन्तर्गत बुद्धशान्ति - ४ बर्ने र मेचीनगर - १२ पाथीभरा टोलमा बन्दकर्ताहरुले टायर बालेका थिए । त्यसलाई प्रहरीले निभाएको छ ।




पाथीभरामा शनिबार भएको झडपको विरोध, केबलकार निर्माण कम्पनी फिर्तालगायतका माग राख्दै मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समिति , पाथीभरा केवलकार खारेजी संयुक्त संघर्ष समिति , किरात याक्थुङ चुम्लुङ , थरगत संस्था (याक्थुङ सयङ) सहजीकरण समूह र किरात धर्म तथा साहित्य उत्थान संघले बन्द आह्वान गरेका हुन्

यसैबीच बलुडाँडामा भएको गोलीकाण्डको विरोधमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको भ्रातृ संगठन लिम्बुवान भोलेन्टियर्स (एलभी) को केन्द्रीय कमाण्डको आयोजनामा लिम्बुवान भोलेन्टियर्सका केन्द्रीय कमाण्डर थाङसाङ लावतीको नेतृत्वमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका केन्द्रीय अध्यक्ष कुमार लिङदेन (मिराक) लगायत करिब १८० जनाको उपस्थितिमा दमकमा मार्चपास निकालिएको छ । 'मुक्कुमलुङ गोलीकाण्ड दोषीलाई कारबाही गर, केवलकार बन्द गर, केवलकार निर्माण समूह मुर्दावाद, केवलकार चाहिदैन ,गोली हान्न पाइदैन, गोलीकाण्डको न्यायिक छानबिन गर, सिडिओ र मेयरलाई कारबाही गर, गोली हान्ने ओली सरकार मुर्दावाद, केवलकार खलनायक चन्द्र ढकाल मुर्दावाद, मुक्कुमलुङमा सशस्त्र क्याम्प हटाउनै पर्छ, कोशी नाम खारेज गर, लिम्बुवान भोलेन्टियर्स जिन्दावाद, मुक्कुमलुङ आन्दोलन जारी छ, लिम्बुवान भोलेन्टियर्स पछि हट्दैन, लिम्बुवान शहीदहरु अमर रहून्' जस्ता नाराहरु लेखिएको प्लेकार्ड बोकेर नाराबाजी गर्दै उक्त मार्चपास आकाशे पुलबाट ट्राफिक चोक, आदर्श टोल, बेलडाँगी रोड, भृकुटी चोक, मामा चोक, फाल्गुनन्द चोक, नगरपालिका रोड, हनुमान मन्दिर, पशुहाट हुँदै पुनः सोही स्थानमा आएर कोणसभामा परिणत भएको थियो ।

उक्त कोणसभालाई संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका केन्द्रीय अध्यक्ष कुमार लिङदेन (मिराक) ले संबोधन गरेका थिए ।

# डिकमान विरही पत्रकारिता पुरस्कार सुब्बालाई दिइने



झापा(प्रस) । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) झापाले प्रदान गर्दै आएको स्व. डिकमान विरही सुनुवार स्मृति वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कार २०८१ बाट झापाका अग्रज पत्रकार विष्णु सुब्बालाई प्रदान गरिने भएको छ ।

अग्रज पत्रकार स्व. डिकमान विरही सुनुवारको स्मृतिमा फोनिजले प्रदान गर्दै आएको पुरस्कार यो पटक सुब्बालाई प्रदान गर्ने निर्णय भएको फोनिज झापाकी अध्यक्ष भूमिका सुब्बा फियाकले जानकारी दिइन् ।

झापाको दमकलाई कर्मथलो बनाई विगत अढाई दशक लामो समयदेखि निरन्तर पत्रकारिता गरिरहेका राष्ट्रिय समाचार समिति (रासस) सम्वाददाताका रूपमा कार्यरत सुब्बालाई पुरस्कार छनोट समितिको सिफारिसमा निर्णय गरिएको अध्यक्ष फियाकले बताइन् ।

पूर्वअध्यक्ष गणेशमान मुखियाको संयोजकत्वमा रहेको फोनिज झापाको ५ सदस्यीय पुरस्कार छनोट समितिले सुब्बाको नाम सिफारिस गरेको हो । समितिको सिफारिसमा सुब्बालाई पुरस्कार प्रदान गर्ने निर्णय भएको अध्यक्ष फियाकले बताइन् ।उक्त पुरस्कारको राशि नगद २५ हजार रूपैयाँ रहेको छ ।त्यस्तै, फोनिज उदीयमान पत्रकारिता पुरस्कार २०८१ सूर्योदय टेलिभिजनमा कार्यरत पत्रकार रविकिरण बान्तवा राई र हरप्रहर न्यूज डटकममा कार्यरत सजन राईलाई प्रदान गर्ने निर्णय भएको फोनिजका जिल्ला सचिव तिलक योञ्जनले जानकारी दिए ।

फोनिज झापाको माघ १४ गतेको निर्णयले स्व. डिकमान विरही सुनुवार स्मृति वर्ष उत्कृष्ट पत्रकारिता पुरस्कारका लागि समितिले छनोट गरेको नाम अनुमोदन र उदीयमान पत्रकारिता पुरस्कारका लागि २ जना प्रतिभा छनोट गरेको योञ्जनले बताए ।उदीयमान पत्रकारिता पुरस्कारको राशि ५/५ हजार रूपैयाँ रहेको छ ।

३ वटै पुरस्कार २०८१ माघ १९ गते बिर्तामोडमा हुने फोनिज झापाको सातौं जिल्ला अधिवेशनको अवसरमा प्रदान गरिनेछ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# प्रजिअलाई ज्यान मार्ने धम्की दिने मादेन पक्राउ



झापा(प्रस) । ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई फोनमा गालीगलौज गरी ज्यान मार्ने धम्की दिने एकजना केबलकार बिरोधीलाई प्रहरीले पक्राउ गरेको छ । मंगलवार बिहान ९:५० बजे ताप्लेजुङ फुङलिङ -४ स्थित कोप्चेबाट पहिचानवादी मोर्चाका ताप्लेजुङ जिल्ला संयोजक प्रदिप मादेन (नानी) लाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको मोबाइल गस्ती टोलीले पक्राउ गरेको हो । उनलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ । माघ १२ गते फुङलिङ -११ स्थित बलुडाँडामा प्रहरी र केबलकार बिरोधीबीच झडप भएपछि प्रमुख जिल्ला अधिकारी शर्मालाई फोन गरी उनले ज्यान मार्ने धम्की दिएका थिए ।

# झापा र इलाममा दुईजना मृत फेला

झापा(प्रस) । झापा र इलाममा दुईजना व्यक्ति मृत फेला परेका छन् । बिर्तामोड नगरपालिका-९ बद्रीबारीमा अन्दाजी ४५ वर्षका बुधलाल महत्तो मंगलवार बिहान मृत फेला परेका छन्। आफ्नो घरनजिकै बाटोको छेउ डिलमा उनी मृत भेटिएका हुन्। छिमेकीको बिहेघरबाट गएराति घर फर्कने क्रममा मदिरा सेवन गरेका महत्तो लडेको र उठ्न नसकी रातभर चिसोका कारण उनको मृत्यु भएको हुनसक्ने आशंका गरिएको छ। उनी चढेको साइकल कच्ची बाटोमा र महत्तो डिलमा फेला परेको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए। त्यस्तै इलाम सूर्योदय ७ सिस्ने बस्ने ३१ वर्षीय



पुकार निरौला पनि मृत फेला परेका छन् । सोमवार साँझ ६ बजे घरबाट हिडेका निरौला आज दिउँसो ३.३० बजे घरको दक्षिणपट्टि आफ्नै कुखुरा फारममा लडी मृत अवस्थामा फेला परेका हुन् । प्रहरी चौकी हर्कटेबाट प्रहरी टोली खटिएर थप अनुसन्धान भैरहेको जनाइएको छ ।

# बाह्रदशीमा आगलागीबाट घर जलेर नष्ट



झापा(प्रस)। झापाको बाह्रदशीमा आगलागीबाट एक घर जलेर नष्ट भएको छ। मंगलवार दिउँसो ३.१५ बजे बाह्रदशी गाउँपालिका वडा न.७ डाँडागाउँ बस्ने सुशिल बास्कीको फुसको छानो भएको एकतले भान्सा घरको चुल्होबाट अचानक आगलागी भएको थियो । भान्सा घरसंगै फुसको छानो भएको एकतले मुल घरसमेत आगलागीबाट जलेर नष्ट भएको छ । आगलागीबाट नगद रु.७ हजार , लत्ताकपडा, अन्नपात गरी जम्मा १ लाखबराबरको धनमाल क्षति भएको बिर्तामोड प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय घैलाडुब्बाबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिएका छन् ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ। यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**वृष** घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ ।

**मिथुन** धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ ।

**कर्कट** आज परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिनेछ ।

**सिंह** आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ ।

**कन्या** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ

**तुला** बनिसकेको काममा दुबिधा उत्पन्न हुन सक्छ। भोजभतेरमा स्वास्थ्यको ख्याल गर्नुहोला ।

**वृश्चिक** काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ ।

**धनु** आज घर व्यवहारमा झमेला आउनसक्छ । मनमा दुबिधा उत्पन्न हुनेछ ।

**मकर** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । मित्रबाट विशेष सहयोग

**कुम्भ** आज सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ

**मिन** करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ